# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३६ ❖ २०८२ चैत २५ गते बुधबार ❖ Wednesday, 8 April, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया

## हरेक नागरिकले सूचना पाउनुपर्छ – मन्त्री अधिकारी

**- बबिलाल तामाङ**

भरतपुर । प्रदेश सूचना पुनरावेदन समिति बागमती प्रदेशको आयोजनामा सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सोमबार भरतपुरमा सम्पन्न गरिएको छ ।

भरतपुर महानगरपालिका अन्तर्गत रहेका वडा तथा विभिन्न टोल विकास संस्थालाई लक्षित गरी सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया गरिएको प्रदेश सूचना पुनरावेदन समितिका अध्यक्ष हरिप्रसाद अधिकारीले जानकारी दिए ।

देशका सात प्रदेशमध्ये बागमती प्रदेशमा नै पहिलो पटक बनेको यस समितिले हरेक नागरिकले सूचना पाउनुपर्ने अधिकार सुनिश्चित गर्ने उनको भनाइ थियो । कुनै कार्यालय, वडा तथा कसैले पनि सूचना लुकाए वा नदिए समितिमा जानकारी गराउन उनले आग्रह गरे ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारीले जनताको सूचना पाउने अधिकारलाई कुण्ठित गर्न नहुने बताए । आम नागरिकलाई सूचनाको




हक पाउने अधिकार सबैलाई उत्तिकै भएको उनले बताए ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव भुवन न्यौपाने र प्रदेश सूचना पुनरावेदन समितिका अध्यक्ष हरिप्रसाद अधिकारीले सूचनासम्बन्धी हकको विषयक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, उपप्रमुख कल्पना काफ्ले, भरतपुर महानगरपालिका कार्यवाहक मेयर चित्रसेन अधिकारीलगायतले मन्तव्य दिएका थिए ।

कार्यक्रममा विभिन्न वडाका वडाध्यक्ष, टोल विकासका

*(बाँकी ५ पेजमा)*

## रत्ननगरमा कक्षा १२ सम्मको शिक्षा निःशुल्क

### वार्षिक दुई करोड ४० लाख खर्च अनुमान

भरतपुर । रत्ननगर नगरपालिकाले कक्षा १२ सम्म निःशुल्क शिक्षा लागू गर्ने भएको छ। आगामी शैक्षिक सत्रदेखि शिशु कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थीलाई निःशुल्क शिक्षा दिन लागिएको हो ।

नगरपालिकाका प्रमुख प्रलाद सापकोटाका अनुसार विद्यालयलाई अपुग रकम नगरपालिकाले उपलब्ध गराएर निःशुल्क शिक्षा दिन लागिएको हो ।

नगरपालिकाले माध्यमिक तह निःशुल्क शिक्षा कार्यान्वयन गर्न सुझाव समिति बनाएर अध्ययन गरेको थियो। समितिले दिएको प्रतिवेदनअनुसार नगरपालिकाले अहिलेको विद्यार्थी संख्यालाई आधार मानेर निःशुल्क गर्दा वार्षिक रु दुई करोड ४० लाख हाराहारी थप खर्च हुने जनाएको छ ।

प्रमुख सापकोटाका अनुसार निःशुल्क शिक्षाको व्यवस्था गर्दा एक विद्यार्थीलाई थप रु दुई हजार ५०० हाराहारी खर्च हुने प्रारम्भिक अनुमान छ। कक्षा ९ देखि १२ सम्मका विद्यार्थीका लागि यो खर्च थप गर्न लागिएको हो। यसअघिनै आधारभूत तहमा निःशुल्क गरिएको थियो ।

शिक्षक र कर्मचारीको तलबबाहेक विद्यालय सञ्चालनका लागि वार्षिक रु दुई करोड ४० लाख खर्च लाग्ने समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ। यस नगरपालिकामा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या दुई हजार १६७ रहेको छ। विद्यार्थीबाट कुनै पनि शीर्षकमा

नगरपालिकामा कक्षा ९ देखि १२ सम्मका २७ विद्यालय छन् । हाल विद्यालयहरुले भर्ना शुल्क, परीक्षा शुल्क र अतिरिक्त कक्षाका लागि आवश्यक पर्ने खर्च विद्यार्थीबाट लिँदै आएका छन् । माध्यमिक तहमा निःशुल्क शिक्षाको व्यवस्था



शुल्क नलिने गरी निःशुल्क शिक्षा घोषणा गर्न लागिएको हो ।

समितिका संयोजक जगन्नाथ अधिकारीले अझै थप छलफल गर्न लागिएको बताए । सबै विद्यालयका प्रध्यानाध्यापकसँग छलफल गरि एक विद्यालयलाई आवश्यक पर्ने थप रकम के कति हो सङ्कलन गरी नगरपालिकाले थप गर्नुपर्ने रकमको टुङ्गो लगाइने छ। उनका अनुसार केही रकम बढ्न सक्ने देखिन्छ ।

गर्दा १५ थप शिक्षक आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ। ती शिक्षकको पारिश्रमिक नगरपालिकाले दिनुपर्ने हुन्छ ।

माध्यमिक तहमा स्थानीय सरकारले कार्यविधि बनाएर निःशुल्क घोषणा गर्न पाउने संविधानमा उल्लेख भएअनुसार रत्ननगर नगरपालिकाले संविधानको धारामा टेकेर निःशुल्क शिक्षा लागू गर्न लागेको हो ।

## महानगरका फलफूल तथा तरकारी व्यवसायीलाई स्वास्थ्योपचारमा छूट

भरतपुर । महानगर फलफूल तथा तरकारी बजार भरतपुर-२, क्षेत्रपुरको मातहतमा रहेको फलफूल तथा तरकारी थोक व्यवसायी संघका सदस्यहरुले कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज)बाट स्वास्थ्योपचारमा छुट पाउने भएको छ ।

पुरानो मेडिकल कलेजका उपनिर्देशक प्राडा राजेशकुमार यादव र संघका तर्फबाट अध्यक्ष जयराम पाण्डे बीच आइतबार सम्झौता पत्रमा हस्ताक्षर भएसँगै उनीहरुले स्वास्थ्योपचारमा छुट पाउने भएको हो। सम्झौता पत्र अनुसार २० प्रतिशत छुट पाउनेछ भने



अस्पतालमा उपलब्ध सम्पूर्ण सेवाका साथै एक्सरे र इसिजीमा औषधी तथा सिटी र एमआरआईमा छुट गरिएको छैन ।

संघका सदस्यहरु तथा निजका एकाघर परिवारका सदस्यहरुलाई मात्र प्रदान गरिने सम्झौता पत्रमा उल्लेख छ ।

सुविधा पाउन फोटो सहितको वैध परिचय पत्र अनिवार्य र परिवारका सदस्यहरुको हकमा भने नाता खुल्ने कागजात अनिवार्य गरिएको अध्यक्ष पाण्डेले बताए ।

सम्झौतामा पत्रमा सुगर जाँच तथा परामर्श सेवा निःशुल्क उपलब्ध, संघद्वारा आयोजना गरिने निःशुल्क स्वास्थ्य शिविर तथा स्वास्थ्य सचेतना कार्यक्रममा प्राविधिक सहयोग उपलब्ध हुनेछ ।

## अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने

भरतपुर । दसौँ अन्तर्राष्ट्रिय प्रदर्शनी यही चैत २७ गतेदेखि सुरू सम्मेलनको आयोजना गरी प्रदर्शनीका बारेमा जानकारी



हुने भएको छ। चितवन उद्योग संघको आयोजनामा हुन लागेको प्रदर्शनी २९ गतेसम्म सञ्चालन हुनेछ। संघले सोमबार पत्रकार गराएको हो । नेपालका उद्योगहरूको प्रवर्द्धनका लागि आयोजना गर्न लागिएको प्रदर्शनीले आयातलाई

*(बाँकी ५ पेजमा)*


**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।



**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।**

❖ सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
❖ दैनिक शारीरिक व्यायाम गरौं,
❖ स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
❖ खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
❖ नियमितरुपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
❖ मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
❖ सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
❖ नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# सरकारको प्रेसविरोधी मानसिकता

लोकतन्त्रको मेरुदण्ड भनेको स्वतन्त्र प्रेस र अभिव्यक्तिको स्वतन्त्रता हो। असहमतिको अधिकारलाई दबाउने वा प्रेसलाई कमजोर पार्ने कुनै पनि प्रयास लोकतान्त्रिक प्रणालीमा रोगको जस्तै हुन्छ। हालै सरकारले सार्वजनिक गरेको सरकारी विज्ञापन तथा सूचना सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन गर्ने निर्णय यही रोगको लक्षण हो। सरकारले यसलाई मितव्ययिता र पारदर्शिताको नाममा प्रस्तुत गरे पनि यसको गहिरो प्रभाव निजी सञ्चारमाध्यममाथि पर्नेछ। नेपालमा सञ्चार संरचना मिश्रित छ। सरकारी, निजी र सामुदायिक माध्यमहरू समानान्तर रूपमा चलिरहेका छन्। यिनैमध्ये निजी सञ्चारमाध्यमले लोकतान्त्रिक निगरानी, आलोचना र सार्वजनिक बहसलाई जीवित राखेका छन्। तर, तीमध्ये धेरै आर्थिकरूपमा कमजोर छन् र सरकारी विज्ञापन नै प्रमुख स्रोत बनेको छ। यस्तो अवस्थामा विज्ञापनको ढोका बन्द गर्नु उनीहरूको अस्तित्वमाथि सीधा प्रहार हो। यस निर्णयले संघीयताको मर्मसमेत कमजोर बनाउँछ।

संविधानले प्रदेश र स्थानीय तहलाई आफ्ना आवश्यकता अनुसार सञ्चारमाध्यमसँग सहकार्य गर्ने अधिकार दिएको छ। तर, केन्द्रबाटै सबै तहलाई एउटै नीति थोपर्नु संघीय संरचनाविपरीत छ। साथै, विविध भाषिक समुदाय र भौगोलिक क्षेत्रसम्म सन्देश पुऱ्याउन निजी तथा सामुदायिक माध्यम अपरिहार्य हुन्छन्। सरकारी माध्यममा सीमित गर्दा सूचना प्रवाहको पहुँच र प्रभावकारिता घट्ने सम्भावना प्रबल छ। सञ्चार क्षेत्रका सरोकारवालाहरू पत्रकार महासंघदेखि विज्ञापन संघसम्मले यसलाई 'आर्थिक सेन्सरसिप'को रूपमा व्याख्या गरेका छन्। विज्ञापन रोकिँदा व्यापारिक घाटा मात्र होइन, स्वतन्त्र पत्रकारिताको आधार नै कमजोर हुन्छ। आर्थिकरूपमा निर्भर सञ्चारमाध्यमले सरकारको आलोचना गर्ने साहस गुमाउँछन्, जसले लोकतन्त्रलाई नै कमजोर बनाउँछ। सरकारले पारदर्शिता कायम गर्ने उद्देश्य उचित भए पनि त्यसका लागि विकल्पहरू छन्। विज्ञापन वितरणमा स्पष्ट मापदण्ड, डिजिटल ट्र्याकिङ प्रणाली वा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउन सकिन्छ। तर, सम्पूर्ण निजी क्षेत्रलाई अलग्याउने निर्णय अत्यधिक केन्द्रीकृत र असन्तुलित देखिन्छ।

अहिलेको आर्थिक सन्दर्भ पनि संवेदनशील छ। कोभिड-१९ को असर, आर्थिक मन्दी र निजी क्षेत्रको सुस्त गतिका कारण सञ्चार उद्योग पहिले नै दबाबमा छ। यस्तो अवस्थामा आएको यो निर्णयले धेरै साना तथा मध्यम सञ्चारमाध्यमहरू बन्द हुने जोखिम बढाएको छ। विशेषगरी, ग्रामीण क्षेत्रका सामुदायिक रेडियोहरू, जुन स्थानीय जनतासँग प्रत्यक्षरूपमा जोडिएका छन्, तिनको अस्तित्व संकटमा पर्नसक्छ। लोकतान्त्रिक शासन प्रणालीमा नीति निर्माण सहभागितामूलक हुनुपर्छ। तर, सरकार र सञ्चार क्षेत्रबीच संवादको अभावले यो विवादलाई चर्काएको छ। अन्ततः यो एउटा विज्ञापनको विषय मात्र होइन, लोकतन्त्रको स्वास्थ्यसँग जोडिएको सवाल पनि हो। स्वतन्त्र, सक्षम र विविधतायुक्त सञ्चारमाध्यम लोकतन्त्रको मेरुदण्ड हुन्। तिनलाई आर्थिकरूपमा कमजोर बनाउने नीति दीर्घकालीनरूपमा राज्यकै लागि घातक हुन्छ। त्यसैले सरकारले यो निर्णय पुनर्विचार गरी सरोकारवालासँग संवाद र सन्तुलित, समावेशी तथा व्यावहारिक नीति ल्याउनु आवश्यक छ। मितव्ययिता र पारदर्शिता जति आवश्यक छन्, त्यत्तिकै आवश्यक छ प्रेस स्वतन्त्रताको संरक्षण। यी दुईबीच सन्तुलन कायम गर्न सक्नु नै सुशासनको वास्तविक परीक्षा हुनेछ।

# शिवलिङ्ग र शिवः सृष्टिदेखि मोक्षसम्मको यात्रा



- वासुदेव पौडेल

**विचार**

बीजदेखि ब्रह्मसम्मको जीवन-यात्रालाई बुझ्न तपशिलका दुई मौलिक प्रश्नहरूमाथि उत्तर खोज्नु आवश्यक देखिन्छः

- म कहाँबाट आएको हुँ ? र
ब्मखभचतष्कभलत
- म कहाँ पुग्नुपर्छ ?

यी प्रश्नहरु केवल आध्यात्मिक चिन्तन-मननका विषय मात्र होइनन्; यी त आत्म-अन्वेषणका मूल आधार पनि हुन्। सनातन दर्शनले यी दुवै प्रश्नहरुको उत्तर शिव-तत्त्वमा देखाउँछ। शिव-तत्त्व को न आदि छ, न अन्त्य। यो त्यो 'शून्य' (आकाशीय आधार) हो, जहाँबाट सबै कुरा उत्पन्न हुन्छ र अन्ततः सबै कुरा विलीन हुन्छ। विज्ञानको भाषामा यसलाई Singularity वा Cosmic Space सँग तुलना गर्न सकिन्छ।

शिवलिङ्ग सृष्टिको बीज र अस्तित्वको आदि प्रतीक हो भने भगवान् शिव मोक्ष, ज्ञान र परम शान्तिका अधिष्ठाता हुनुहुन्छ। यसरी हेर्दा, सृष्टिको आरम्भदेखि मुक्तिको शिखरसम्मको सम्पूर्ण यात्रा नै शिव-तत्त्व हो। शिवलिङ्गको पूजा गर्नु भनेको आफ्नो अस्तित्वको मूल स्रोतलाई स्वीकार गर्नु हो, र शिवको ध्यान गर्नु भनेको परम शान्तिको अनुभूति गर्नु हो।

(क) निराकार र साकारको दिव्य मिलनः

भगवान् शिवको उपासना मुख्यतया दुई स्वरूपमा गरिन्छ - "निराकार र साकार"। शिवलिङ्ग निराकारको अनन्त प्रतीक हो। 'लिङ्ग' शब्दको वास्तविक अर्थ 'चिह्न' वा 'सङ्केत' हो। शिवलिङ्ग भगवान् शिवको त्यस्तो निराकार स्वरूपको प्रतीक हो, जसमा कुनै मानवीय आकृति वा सीमा कोरिएको हुँदैन। यसले एउटा शाश्वत सन्देश प्रवाह गर्छ- "परम सत्य कुनै सीमित आकारमा बाँधिन सक्दैन"। शिवलिङ्ग ब्रह्माण्डको 'शून्य' र 'अनन्त ऊर्जा' को सङ्केत पनि हो।

शिवलिङ्ग निराकार परमात्माको अनन्त प्रतीक हो भने भगवान् शिव उहाँको साकार र सगुण स्वरूप हुनुहुन्छ।

जटामा गङ्गा, कण्ठमा विष (नीलकण्ठ), हातमा त्रिशूल र डमरु धारण गर्नुभएका भगवान् शिवको साकार र सगुण रूप हुन्। यो स्वरूपले शिवका दिव्य विभूतिहरूः करुणा, त्याग, ज्ञान, वैराग्य र सरलता लाई जीवन्त रूपमा अभिव्यक्त गर्दछ।

वस्तुतः निराकार सत्यलाई आत्मसात् गर्न कठिन हुने हुनाले साकार रूपले साधकलाई एकाग्रता, ध्यान र भक्तिमा सहजता प्रदान गर्दछ। यसरी निराकार र साकार एक-अर्काका विरोधी होइनन्; बरु यी त एउटै परम सत्यका दुई परिपूरक आयाम हुन्।

(ख) पौराणिक सन्दर्भ; ज्योतिर्लिङ्गको प्राकट्यः

शिव पुराणको विद्येश्वर संहितामा वर्णित कथाअनुसार, सृष्टिको उषाकालमा ब्रह्मा र विष्णुबीच "को श्रेष्ठ ?" भन्ने विषयमा गम्भीर विवाद उत्पन्न भयो। दुवैले आफूलाई नै ब्रह्माण्डको सर्वोच्च सत्ता र सृष्टिकर्ता दाबी गर्न थाल्नुभयो।

त्यही अहङ्कारपूर्ण विवादको समाधानार्थ उहाँहरूको बीचमा अचानक एउटा अनन्त ज्योतिर्लिङ्ग (अग्निस्तम्भ) प्राकट्य भयो। त्यो दिव्य स्तम्भको न कुनै आदि (आरम्भ) देखिन्थ्यो, न त कुनै अन्त्य।

ब्रह्मा हंस रूप धारण गरी त्यसको शिखर खोज्न आकाशतर्फ उड्नुभयो। विष्णु वराह रूप धारण गरी त्यसको फेद पहिल्याउन पातालतर्फ लाग्नुभयो।

हजारौँ वर्षको अथक प्रयासपछि पनि विष्णुले त्यसको फेद फेला पार्न सक्नुभएन र आफ्नो पराजय स्वीकार गरी विनम्रताका साथ फर्कनुभयो। यता ब्रह्माले पनि शिखर त फेला पार्नुभएन, तर केतकी पुष्पलाई साक्षी राखेर असत्य दाबी गर्नुभयो। तत्पश्चात् त्यस ज्योतिर्लिङ्गबाट साक्षात् भगवान् शिव प्रकट हुनुभयो। उहाँले विष्णुको सत्यनिष्ठा र विनम्रताबाट प्रसन्न भई आशीर्वाद दिनुभयो भने ब्रह्मालाई असत्य वाचन गरेकोमा दण्डित गर्नुभयो। यस गाथाको दार्शनिक सन्देश स्पष्ट छः

- परम सत्य अनन्त र अपरिमेय छ।
- अहङ्कारको कसीले अध्यात्मको उचाइ नाप्न सकिँदैन।
- मोक्षको पहिलो पाइला नै "विनम्रता र पूर्ण समर्पण" हो।

(ग) चेतना र ऊर्जाको अविभाज्य सम्बन्धः

भगवान् शिवलाई 'परम चेतना' मानिन्छ भने शिवलिङ्ग त्यो चेतना प्रकट हुने दिव्य आधारको प्रतीक हो।

- शिव र शक्तिः शिवलिङ्गमा निहित 'लिङ्ग' (पुरुष-तत्त्व) ले शुद्ध चेतनाको प्रतिनिधित्व गर्दछ भने 'योनी' (शक्ति-तत्त्व) ले सृजनात्मक ऊर्जाको। यी दुई तत्वको अनन्त मिलनबाटै यो चराचर सृष्टिको प्रादुर्भाव सम्भव भएको हो।

- अद्वैत भावः जसरी सूर्य र त्यसको प्रकाशलाई अलग गर्न सकिँदैन, त्यसरी नै शिव र शक्ति पनि एक-अर्काबाट पृथक् छैनन्।

जसरी एउटा सूक्ष्म बीजभित्र विशाल वृक्षको सामर्थ्य गुप्त रूपमा लुकेको हुन्छ, ठ्याक्कै त्यसरी नै शिव-चेतनामा यो सम्पूर्ण दृश्य-अदृश्य ब्रह्माण्ड अनन्त सम्भावनाका रूपमा निहित रहन्छ। बीज फुट्नु सृष्टिको आरम्भ हो भने वृक्षको विशालता शिवको लीला हो।

(घ) लय र सृष्टिको शाश्वत चक्रः

शिवलाई 'लयकर्ता' भनिन्छ। तर अध्यात्ममा 'लय' को अर्थ केबल विनाश वा संहार मात्र होइन; लय त रूपान्तरणको एउटा महान् प्रक्रिया हो।

- सृष्टिको केन्द्रः शिवलिङ्ग ब्रह्माण्डको त्यो अविचल केन्द्र हो- जहाँबाट जीवनको अङ्कुरण हुन्छ, जहाँ यो अस्तित्व टिक्छ र अन्त्यमा जहाँ आएर सबै कुरा विलीन हुन्छन्।

- भगवान् नटराजको ताण्डव नृत्य यही सृष्टि र लयको महाचक्रको जीवन्त प्रतीक होः

– डमरुः नादब्रह्म, जसले सृष्टिको आरम्भ गर्छ।
– अग्निः रूपान्तरणकारी लय र संहारको ज्वाला।
– अभय हस्तः भक्तको संरक्षण र सुरक्षाको ईश्वरीय आश्वासन।
– अपस्मारः अज्ञानता र अन्धकारको समूल अन्त्य।

जसरी दिनपछि रात र रातपछि पुनः प्रभातको आगमन निश्चित छ, त्यसरी नै शिव-तत्त्वमा सृष्टि र लयको यो चक्र अनवरत रूपमा चलिरहन्छ।

(ङ) दार्शनिक र वैज्ञानिक समन्वय; शिव-तत्त्वको गहिराइः

दर्शनशास्त्रमा 'लिङ्ग' शब्दको अर्थ हुन्छ "प्रमाण, लक्षण वा सङ्केत"। जसरी टाढा देखिएको धुवाँले अदृश्य अग्निको अस्तित्व प्रमाणित गर्छ, त्यसरी नै शिवलिङ्गको दर्शनले निराकार परमात्माको सर्वव्यापी उपस्थितिको बोध गराउँछ।

भगवान् शिव त्यो परम चेतना हुनुहुन्छ, जसको न कुनै आदि छ, न त कुनै अन्त्य। दार्शनिक रूपमा उहाँलाई 'महाकाल' भनिन्छ- अर्थात् समयको सीमाभन्दा परको निरपेक्ष सत्ता। समयको गतिले संसारका हरेक वस्तुलाई परिवर्तन गर्छ, तर शिव त्यो परिवर्तनभन्दा माथि हुनुहुन्छ। उहाँ कुनै निश्चित आकार वा संकुचित सीमामा कहिल्यै बाँधिनुहुन्न।

शिवलिङ्गले 'शून्य' र 'पूर्ण' दुवैको रहस्यमय सङ्केत गर्दछ। जसरी गणितमा शून्यबाटै संख्याहरूको अनन्त विस्तार सम्भव हुन्छ र अन्त्यमा सबै गणनाहरू शून्यमै विलीन हुन्छन्, त्यसरी नै शिव-तत्त्वबाटै यो विराट सृष्टिको प्रादुर्भाव हुन्छ र अन्ततः सबै चराचर जगत शिवमै समाहित हुन्छ। शिवलिङ्गको अण्डाकार स्वरूपले यही ब्रह्माण्डीय अनन्तता र पूर्णताको जीवन्त अनुभूति गराउँछ।

आधुनिक विज्ञान, विशेष गरी क्वान्टम भौतिकी (Quantum Physics) र ब्रह्माण्ड विज्ञान (Cosmology) का कतिपय सिद्धान्तहरू शिवलिङ्गको प्रतीकात्मक अर्थसँग आश्चर्यजनक रूपमा मेल खान्छन्।

(१) ब्रह्माण्डको उत्पत्ति (Singularity): आधुनिक विज्ञानका अनुसार यो विशाल ब्रह्माण्डको प्रादुर्भाव अत्यन्तै सूक्ष्म तर असीम ऊर्जा सञ्चित भएको एउटा बिन्दु (Singularity) बाट भएको हो। शिव-पुराणमा वर्णित 'अनन्त ज्योतिर्लिङ्ग' को प्राकट्यलाई ठ्याक्कै यही ब्रह्माण्डीय ऊर्जा विस्फोट (Big Bang) को आध्यात्मिक रूपकका रूपमा बोध गर्न सकिन्छ।

(२) अण्डाकार स्वरूप (Cosmic Egg): शिवलिङ्गको अण्डाकार बनावटलाई 'कस्मिक एग' अर्थात् ब्रह्माण्डीय बीजसँग तुलना गरिन्छ। अन्तरिक्षका अनेकन् ग्यालेक्सी र खगोलीय पिण्डहरू पूर्ण गोलाकार नभई अण्डाकार (Elliptical) स्वरूपमा रहेका हुन्छन्। यसर्थ, शिवलिङ्गले यो विशाल ब्रह्माण्डको लघु रूप (Microcosm) लाई सङ्केत गरेको देखिन्छ।

(३) ऊर्जाको प्रवाह (Energy Flow): विज्ञानको शाश्वत नियम छ "ऊर्जा कहिल्यै नष्ट हुँदैन, यो केवल रूपान्तरित हुन्छ"। शिवलिङ्गमा निरन्तर जलधारा अर्पण गर्ने पवित्र परम्पराले पनि यही ऊर्जा-चक्रको गतिशीलता र शीतलताको प्रतीकलाई उजागर गर्दछ।

यसका अन्तर्निहित सङ्केतहरूः

- ब्रह्माण्ड कुनै स्थिर वस्तु होइन; यो त निरन्तर गतिशील र प्रवाहमान छ।
- सृष्टिका प्रत्येक सूक्ष्म कणमा ऊर्जा प्रवाहित छ, र यही ऊर्जा नै वास्तवमा शिव-तत्त्वको सङ्केत हो।

दार्शनिक दृष्टिले शिवलाई 'परम चेतना' भनिन्छ भने वैज्ञानिक दृष्टिले ब्रह्माण्डको मूल आधार 'ऊर्जा' हो। यी दुवै शब्दावलीले एउटै गहिराइतर्फ सङ्केत गर्छन- एउटा यस्तो अदृश्य, सर्वव्यापी र अनन्त आधारतत्त्व, जसले सम्पूर्ण ब्रह्माण्डलाई आफ्नो काखमा थामेको छ।

जहाँ दर्शन 'चेतना' को भाषामा बोल्छ, विज्ञान 'ऊर्जा' को भाषामा प्रस्तुत हुन्छ; तर दुवैले अन्वेषण गरेको अन्तिम सत्य एउटै हो। यसलाई यसरी बुझ्न सकिन्छः "जहाँ दर्शनको भाषा मौन हुन्छ, त्यहाँ विज्ञानले प्रश्न गर्न थाल्छ; र जहाँ विज्ञानको गणितीय गणना रोकिन्छ, त्यहाँबाट शिव-तत्त्वको अलौकिक अनुभूति सुरु हुन्छ।"

शिवलिङ्गको पूजा गर्नु भनेको ब्रह्माण्डीय चेतना र ऊर्जा-तत्त्वको संयुक्त प्रार्थना गर्नु हो। यो सृष्टिदेखि मोक्षसम्मको यात्रामा हाम्रो अस्तित्वको वैज्ञानिक र आध्यात्मिक प्रमाण हो।

सारमा भन्नुपर्दा,

शिवलिङ्गको पूजा र भगवान् शिवको ध्यान जीवनको सुरुदेखि अन्त्यसम्मको एउटा पूर्ण यात्रा हो, जसलाई मुख्यतया तपशिलका चार बुँदाहरूमा सूत्रबद्ध गर्न सकिन्छः

- अस्तित्वको सम्मानः शिवलिङ्गको पूजा गर्नु भनेको "म यो ब्रह्माण्डको एउटा अंश हुँ र म त्यही दिव्य चेतनाबाट जन्मेको हुँ" भन्ने सत्यलाई स्वीकार गर्नु हो।
- अज्ञानबाट मुक्ति नै मोक्षः मोक्ष मृत्युपछिको कुनै परलोक मात्र होइन; यो जीवित छँदै मनको भ्रम, बुद्धि र अहंकारभन्दा माथि उठेर अज्ञानताबाट मुक्त हुनु हो।
- आरम्भ र लक्ष्यः शिवलिङ्ग सृष्टिको बीज (आरम्भ) हो भने भगवान् शिव मुक्तिको मार्गदर्शक (अन्तिम लक्ष्य) हुनुहुन्छ।
- आफैंभित्र शिवको खोजीः शिव बाहिरी संसारमा मात्र सीमित हुनुहुन्न; उहाँ हाम्रो अस्तित्वको मूल आधार र अन्तिम सत्य हुनुहुन्छ।

अन्ततः शिव-तत्त्व केवल पूजाको विषय होइन; यो चेतना, ऊर्जा र अस्तित्वको गहिरो एकत्वको जीवन्त अनुभूति हो। जब हामी आफ्नै भित्रको त्यो परम चेतनालाई चिन्छौं, तब मात्र हृदयको गहिराइबाट स्वतः गुञ्जिन्छ- " शिवोऽहम् " अर्थात् " म नै शिव हुँ "

ॐ नमः शिवाय !



# उवासंघको कर तथा भ्याटसम्बन्धी तालिम

नारायणगढ । चितवनका उद्योगी व्यावसायीहरुको छाता संस्था चितवन उद्योग वाणिज्य संघले महिला उद्यमीहरुलाई आय कर तथा मूल्य अभिवृद्धि करसम्बन्धी तालिम दिएको छ। चितवन उद्योग वाणिज्य संघको आयोजना एवम् जिआइजेड आरएसआरएसडीको प्राविधिक सहयोगमा महिला उद्योगी व्यवसायीहरुलाई आय कर, मूल्य अभिवृद्धि तथा करका नीतिका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।




कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले करसम्बद्ध झन्झटहरु जस्तै मिसम्याचमा पर्ने, ननफाइलर रहने, कर चुक्ता लिने, आय विवरण बुझाउने जस्ता विषयमा व्यवसायीले भोगेको समस्याहरु निराकरणका महिला उद्यमीहरुलाई सिकाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रमका प्रमुखअतिथि जिआइजेड आरएसआर एसडीका हेड अफ प्रोगाम शायद मेहदी रिजा रिज्भीले चितवनका व्यवसायीहरुलाई कर सम्बन्धी समस्या समधानका लागि चितवन उद्योग वाणिज्य संघसँग सहकार्य गरेर कार्यक्रम आयोजना गरेको बताए ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत पुण्यविक्रम खड्काले कर प्राणलीलाई पारदर्शी र सुशासन कायम गरी कर कार्यालय र उद्योगी व्यवसायी हातेमालो गर्दै समुन्नत नेपाल निर्माणमा लाग्नुपर्ने बताए। उनले करका बारेमा बजारमा आएको समस्याका विषयलाई ध्यानमा राखेर सिकाउनुपर्ने बताउँदै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दै संघसँग सहकार्य गरी अगाडि बढ्ने बताए ।

कार्यक्रममा पोखरा उद्योगवाणिज्यसंघका अध्यक्ष गोकर्ण कार्कीले सरकारले उद्यमीहरुलाई उद्यमीहरुलाई कालाबजारी लुटेराजस्तो बनाएको बताउँदै व्यवसायीहरुले तिर्न सधैँ तयार रहेकाले सरकारले आगामी दिनमा व्यावसायिक वातावरण बनाउनुपर्नेमा जोड दिए ।

तालिममा चितवन उद्योग वाणिज्य संघका राजस्व सल्लाहकार सिए विमान कार्की, सिए विकास तिवारी, सिए विशाल भट्टराई र सिए कविता चौधरीले सहजीकरण गरेका थिए। सोही कार्यक्रमको अवसरमा महिला उद्यमीहरुलाई संघका कार्यकारी निर्देशक निलबहादुर केसी संघले गर्ने कार्यहरु लगायतका विषयमा जानकारी गराए ।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमनकुमार श्रेष्ठ, जिआइजेड आरएसआरएसडीका फिनानसियल म्यानेजमेन्ट एन्ड एडमिनिस्ट्रेसन एडभाँजर नवीनलाल श्रेष्ठ, संघका उपध्यक्षद्वय नारायण प्रधान, राजन पिया, कार्यसमिति सदस्यहरु, महिला उद्यमीलगायत एक सय बढीको सहभागिता रहेको थियो ।

चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षता एवम् महिला उद्यमी समिति संयोजक सुनिता लिगल कर्माचार्यले धन्यवाद ज्ञापनसहित समापन गरेको कार्यक्रमको उद्घाटन सत्र संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गरेका थिए ।

## स्वास्थ्य/खेलकुद



# बेलुकाको खाना चाँडै खानुका यस्ता छन् फाइदाहरु !

धेरै मानिसहरुको साँझ पख ढिलो गरेर खाना खाने बानी हुन्छ। बेलुका र बिहान नै मानिसहरुले ढिलो गरेर खाना खाने गर्छन् ।

साँझको खाँना धेरैले रातीसम्म खाने गरे पनि त्यसको गम्भीर समस्यावारे कतिपयलाई थाह नहुन सक्छ । आर्युवेद विज्ञानले समेत सुर्यास्तको समयपछि खाना खानु शरीरका लागि हानियुक्त हुने दावी गरेको छ।



त्यसैले बेलुका चाडै खाना खानु धेरै फाइदाजनक हुन्छ । सकेसम्म बेलुका ढिलो गरी खाना नखाएकै राम्रो हुन्छ । स्वास्थ्यको दृष्टिले चाँडै खाना खाँनु राम्रो हुन्छ।

बेलुकाको सुर्यास्त अघि नै खाना खाँदा निकै फाइदाजनक हुने बिज्ञहरुको दावी छ । बेलुका खाना चाँडै खाना खाँदा यस्ता छन् फाइदै फाइदा :

१ . तौल नियन्त्रणमा रहन्छः यदि तपाईं तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस् । खाना खाएपछि केहीक्षण हिड्नुहोस् । जतिसुकै बढी खाना खानुहोस्, यस्तो तरिका अपनाउँने हो भने तौल बढ्दैन ।

२. छाति पोल्दैनः अधिकांश मानिसको खाना खाएपछि सिधै बेडमा जाने बानी हुन्छ । यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ। चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैंन।

३. अधिक उर्जा पाउँन सकिन्छः बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ । यसविपरित चाँडै खाना खाने हो भने बिहान नास्ता राम्ररी रुच्छ र शरीरले उर्जा पाउँछ।

४. हल्का महसूस हुन्छः यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ। रुटीनमा खाना खानाले पेट हल्का हुन्छ र ग्यासको समस्या पनि हुँदैंन ।

५. गहिरो निन्द्रा पर्छः राति ढिला खाना खानाले निन्द्रा पनि ढिलै लाग्छ र निद्रा पूरै लाग्दैन। यसविपरित चाँडै खाना खानाले निद्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ।

६. पाचनका लागि बढी समय उपलब्ध हुन्छः जति खाना खायो, उति नै पच्नुपनि पर्छ। खाना खाएपछि त्यसलाई पच्न समय लाग्छ। यदि चाँडै खाना खाने हो भने त्यसलाई पचाउने समय पनि पाइन्छ र यसबाट बिहान ताजा अनुभूति पनि हुन्छ। तर, ढिला खानाले रातभर सुतेपछि पनि पाचनप्रक्रिया चलिरहन्छ, जुन स्वास्थ्यका लागि हानिकारक हुन्छ।

७. पेटको रोग कम हुन्छः सही समयमा खाना खानाले पूर्ण रुपमा पच्छ, यसबाट पेट सधैं सफा र हन्छ। पेट दुख्ने, ग्यास र अपचको समस्या पनि हुँदैंन। यसका अलावा छाला पनि चम्किलो हुन्छ।

# स्थगित मतदाता नामावली सङ्कलन पुनः सुरू

भरतपुर। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्थगित गरिएको मतदाता नामावली सङ्कलनको काम सुरू भएको छ। निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भन्दै गत मङ्सिर ६ गतेदेखि नामावली सङ्कलन कार्य स्थगित गरेको थियो। आयोगको यही चैत १८ को बैठकले मतदाता नामावली सङ्कलनको काम सुरू गर्ने निर्णय गरेको हो ।

स्थगित उक्त कार्यक्रम पुनः सञ्चालन गर्न लागिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। आयोगले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको आयोगले जनाएको छ। राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएकाहरूको हकमा आयोगको 'प्रि इनरोलमेन्ट' प्रणालीमार्फत अनलाइन फारम भर्नुपर्ने छ। आफ्नो फोटो तथा औठाछापसहितको जैविक विवरण प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा आवेदक स्वयं भौतिक रूपमा उपस्थित हुनुपर्नेछ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायतका कार्यका लागि समेत अनलाइन माध्यमबाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिए। नाम थर, ठेगाना सच्याउने, एकै वडाभित्र दुई वा सोभन्दा बढी मतदानस्थल रहेको भए मतदातालाई पायक पर्ने स्थानमा नाम सार्ने, नागरिकताअनुसारको विवरण नभई अन्यथा भएको भए नागरिकताअनुसार पनि सच्याउन सकिनेछ। आयोगले मतदाता नामावली सङ्कलन प्रक्रियामा सक्रिय सहभागिताका लागि आग्रह गरेको छ।

# अन्तर्राष्ट्रिय मौरी सम्मेलनको शुभारम्भ

भरतपुर। कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा अन्तर ीष्ट्रिय मौरी सम्मेलन सुरू भएको छ। सम्मेलनको विश्वविद्यालयका उपकुलपति डा. शारदा थपलियाले उद्घाटन गरेका हुन् ।

उपकुलपति डा. थपलियाले मौरीपालक किसानका लागि सम्मेलन फलदायी हुने बताइन्। विश्वविद्यालयले शिक्षणसहित प्रविधि र प्रसारका क्षेत्रमा हरेक वर्ष विभिन्न किसिमका कार्यक्रम गर्दै आएको उनले बताइन्। त्यसैको निरन्तरतास्वरुप यस वर्ष मौरी सम्मेलन गरिएको भन्दै उनले मौरीपालनमा देखिने समस्या समाधान गर्न सम्मेलन सफल हुने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा विश्वविद्यालयका रजिस्ट्रार पुस्करबहादुर पाल, कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेल, अन्तर्राष्ट्रिय मौरी अनुसन्धान केन्द्रका प्राडा फेनी हटजिना, विश्वविद्यालयका कृषि सङ्कायका डीन डा अर्जुनकुमार श्रेष्ठलगायतले अहिले मौरीपालनमा देखिएका समस्या र समाधानका विषयमा आ-आफ्ना धारणा राखेका थिए। आजदेखि तीन दिनसम्म सञ्चालन हुने उक्त सम्मेलनमा नेपालसहित १९ देशका ७० विज्ञसहित २५० जनाको सहभागिता रहेको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरको कृषि सङ्काय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि विभाग र नेपाल मौरीपालक महासंघको संयुक्त आयोजनामा सो सम्मेलन सुरू भएको हो। सम्मेलनका सदस्य सचिव विश्वविद्यालयका उपप्रध्यापक डा. केदार देवकोटाका अनुसार सम्मेलनमा चार विधामा ४१ कार्यपत्र प्रस्तुत गरिने छन्। उनका अनुसार सम्मेलनमा मौरीपालन, एपि थेरापी, परागसेचन र मौरीसँग सम्बन्धित रोग तथा किरा व्यवस्थापनका विषयमा कार्यपत्र प्रस्तुतका साथै छलफल हुनेछ।

सम्मेलनमा नेपालसहित भारत, थाइल्याण्ड, चीन, कोरिया, अमेरिका, क्यानडा, हङ्गेरी, स्वीडेन, स्टोनिया, बङ्गलादेश, श्रीलङ्कालगायतका देशबाट विषयविज्ञ तथा कृषकको सहभागिता रहेको छ।

सम्मेलनमा अनुसन्धानकर्ता, प्राध्यापक, व्यावसायिक रुपमा लामो समयसम्म अन्तर्राष्ट्रियस्तरमा काम गरेका सरकारी तथा गैरसरकारी संस्थाका विज्ञ, किसानलगायत सहभागी छन्। सम्मेलनका अवसरमा मह प्रदर्शनी तथा मेलाको समेत आयोजना गरिएको छ। यहाँ आठ कक्ष रहेका छन्।


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं ।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# रोयल राइनो राइडर्स क्लबमा श्रेष्ठ चयन

रत्ननगर। रोयल राइनो राइडर्स मोटरसाइकल क्लबको अध्यक्षमा मन्दिपमान श्रेष्ठ चयन भएका छन्। भरतपुरमा सम्पन्न क्लबको पाँचौं अधिवेशनले श्रेष्ठको नेतृत्वमा नयाँ समिति चयन गरेको हो।

समितिको उपाध्यक्षमा ज्याक्की गुरूङ, सचिवमा रूक्सन गुरूङ, सहसचिवमा दीक्षित पौडेल तथा कोषाध्यक्षमा शुभम लामा चयन भएका छन्। यसैगरी, क्लबका प्रतिनिधिका रुपमा वरिष्ठ कन्सल्ट्यान्ट फिजिसियन डा. शशांककुमार सिंह तथा रोड क्याप्टेन सञ्जय लोप्चन तामाङ चयन भएका छन्।

नवनिर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरुले पदभार ग्रहणसमेत गरेका छन्। संस्थाले मोटरसाइकल यात्रामार्फत विभिन्न जनचेतनामूलक सन्देश प्रवाह गर्दै सामाजिक कार्यलाई अगाडि बढाउँदै आएको छ।

भरतपुर महानगरपालिका वडा नं-२ का वडा अध्यक्ष मनोज रानाभाट प्रमुखअतिथि रहेको उक्त कार्यक्रमको अध्यक्षता नवनिर्वाचित अध्यक्ष श्रेष्ठले गरेका थिए।

कार्यक्रममा वडा अध्यक्ष रानाभाटले क्लबले मोटरसाइकल यात्रामार्फत चितवनको एकसिङ्गे गैंडा तथा पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्याउँदै आएको भन्दै सामाजिक अभियानलाई सशक्त बनाउन आग्रह गरे। उनले मोटरसाइकलको स्वरुप परिवर्तन गर्ने तथा ट्राफिक नियम पालना नगर्ने व्यक्तिलाई सदस्यता नदिने क्लबको नीति अत्यन्त प्रशंसनीय रहेको बताए।

कार्यक्रममा निवर्तमान अध्यक्ष प्रितम श्रेष्ठले आफ्नो कार्यकालमा विभिन्न विधामा ९ वटा अवार्ड प्रदान गरेका थिए। सो अवसरमा 'आइरन पिल्लर' तथा 'क्लब पार्टिसिपेसन टाइटल बेड' अवार्डबाट सुवीर चरण श्रेष्ठ सम्मानित भए भने 'गार्डियन अफ रोड' अवार्डबाट सञ्जय लोप्चन पुरस्कृत भए। यसैगरी, 'हेरिटेज हिरो अवार्ड' मन्दिपमान श्रेष्ठलाई, 'फारवेस्ट ट्राभल्स पिलियन अवार्ड' गिरिश नहर्कीलाई तथा 'उडन स्पुन अवार्ड' दिलीप बोमजनलाई प्रदान गरिएको छ। 'वाई स्काउट अवार्ड'मार्फत गोकर्ण महतो सम्मानित भए भने 'भिन्टेज भ्वायजर अवार्ड' आशिष गुरूङलाई प्रदान गरिएको छ।

# क्यान्सरपीडित जोशीलाई आर्थिक सहयोग

भरतपुर। स्तन क्यान्सरबाट पीडित बन्दीपुर-४, भैंसेखारकी ४१ वर्षीया कमलादेवी धमला जोशीको उपचारमा सहयोगी हात थपिएका छन्।



बन्दीपुर सामाजिक विकास समिति तनहुँका आजीवन सदस्य छायाँ श्रेष्ठले आइतबार अस्पतालमै पुगेर ७१ हजार ५ रुपैयाँको चेक हस्तान्तरण गरिन्। संस्थाका अध्यक्ष यादवलाल श्रेष्ठ र महासचिव रेखा श्रेष्ठको पहलमा तथा आजीवन सदस्य छायाँ श्रेष्ठको समन्वयमा उक्त रकमको चेक अस्पतालमै पुगेर हस्तान्तरण गरिएको हो। उपचारमा आर्थिक समस्या झेलिरहेकी जोशीको थप उपचारका लागि संस्थाले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरसँग समन्वयसमेत गरिदिएको छ।

जोशीको २०८२ मंसिर ९ गते शल्यक्रिया गरिएको थियो। गत भदौ महिनामा क्यान्सर भएको थाहा पाए पनि आर्थिक अभावका कारण उपचार सुरू गर्न ढिलाइ भएको उनका श्रीमान् किरण जोशीले बताए।

'सडक छेउमा फलफूल तथा तरकारी बिक्री गरेर जीविका चलाउँदै आएका थियौँ' उनले भने। जोशीको परिवारले हालसम्म कमलाको उपचारमा १० लाख रुपैयाँभन्दा बढी खर्च गरिसकेको छ। महँगो उपचारका कारण थप सहयोग आवश्यक रहेको परिवारको भनाइ छ।

उपचारमा समस्या आएको थाहा पाएपछि संस्थाका सदस्यहरूबीच छलफल गरी आफ्नै सदस्यहरूबाट रकम संकलन गरी बिरामीलाई सहयोग रकम हस्तान्तरण गरिएको छायाँ श्रेष्ठले बताइन्।

# एआईको प्रयोगसम्बन्धी दुईदिने तालिम

भरतपुर। चितवनमा क्रियाशील पत्रकारहरूलाई 'पत्रकारितामा एआईको प्रयोग'सम्बन्धी दुईदिने तालिम प्रदान गरिएको छ।

आन्तरिक मामिला तथा



कानुन मन्त्रालय बागमती प्रदेशको आयोजना एवम् नेपाल पत्रकार महासंघ बागमती प्रदेश र जिल्ला शाखा चितवनको सहकार्यमा आयोजित क्षमता अभिबृद्धि तालिम बिहीबार सम्पन्न भएको हो।

तालिमका प्रशिक्षक एवम् गोरखापत्र दैनिकका सह-सम्पादक अजय शर्माले पत्रकारका लागि डिजिटल साक्षरता र पत्रकारितामा एआईको प्रयोगसम्बन्धी प्रशिक्षण दिए। पत्रकाहरूले प्रविधिको विकाससँगै आफ्नो क्षमता विकास गर्नुपर्ने भन्दै उनले एआईमार्फत समाचार लेखन, समाचारवाचन, फोटो/भिडियो सामग्री उत्पादन गर्ने तरिका सिकाए। प्रशिक्षक राजन गौतमले सुरक्षित 'सर्च इन्जिन' र त्यसका प्रकार, एआईमा स्पष्ट निर्देशन दिने 'प्रम्प्ट' लगायतको विषयमा प्रशिक्षण दिएका थिए।

बुधबार तालिमको उद्घाटन गर्दै जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीलेपत्रकारलाईज्ञानहासिलगर्ने अवसर प्रदान गरेकामा बागमती प्रदेश सरकारलाई धन्यवाद व्यक्त गरेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, महासचिव राधेश्याम खतिवडा, पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष वसन्त पराजुलीलगायत सहभागी थिए।

# घडियाल गोहीका गुँड खोज्न सुरू

भरतपुर। राप्ती नदीमा रहेका घडियाल गोहीका गुँड खोज्न सुरू गरिएको छ। चितवन राष्ट्रिय निकुञ्जले हरेक वर्ष चैत र वैशाखमा घडियाल गोहीको नदीमा गुँड खोजी गरिन्छ। निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार यही चैत १ गतेदेखि गुँड खोज्ने काम सुरु गरिएको हो। यसलाई वैशाख १० गतेसम्म निरन्तरता दिइने छ। यसका लागि बोटे समुदायका दुई जनालाई परिचालन गरिएको उनले बताए।

गुँड खोजिसकेपछि पुनः कर्मचारी परिचालन गरी अण्डा संकलनको काम सुरू गरिने छ। उनले भने, 'अहिले गुँड पहिचानको काम भइरहेको छ। यस लगत्तै अण्डा संकलनको काम गरिने छ।' गुँडमा रहेका अण्डा सङ्कलन गरी कार्यालयमा रहेको गोही प्रजनन केन्द्रमा लगेर बच्चा कोरल्ने प्रक्रिया सुरू गरिने उनले जानकारी दिए। यसअघिका वर्षहरूमा निकुञ्जले राप्ती र नारायणी नदीमा गोहीका गुँड खोज्ने काम गरे पनि यस वर्ष राप्ती नदीमा मात्र खोज्न लागिएको हो।

## फिल्म/मनोरञ्जन

# "धुरन्धर २" को व्यापार ५ सय करोड बढी

**गणतन्त्र दिवसमा 'कुम्भ' र 'रोल नं १'सँग भिड्ने**

काठमाडौं। आगामी जेठ १५ गते गणतन्त्र दिवसको सार्वजनिक विदा छ। यसैले यो मिति फिल्म रिलिजका लागि निर्माताहरूको रोजाइमा परेको छ। फिल्म 'रोल नं १'ले प्रदर्शनका लागि उक्त मिति रोजिसकेको छ। अब सोही मितिमा अर्को फिल्म 'कुम्भ' पनि प्रदर्शन हुने भएको छ। मंगलबार निर्माण पक्षले एक पोस्टर सार्वजनिक गर्दै जेठ १५ गतेलाई प्रदर्शन मिति तय गरेको हो।







रन्धिर श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा अशोक आर्यन, सुनिल थापा, सुशील पोखरेल, सृष्टि खड्का, रोहित रुम्बा, अफ्सना थापा, दक्षिण भारतीय कलाकार सुरेन्द्र ठाकुर लगायतको अभिनय रहेको छ। एक्सन लभस्टोरी कथामा बनेको यो फिल्मको शुक्रबार 'स्वर्गकी परी' बोलको पहिलो गीत सार्वजनिक गरिँदैछ।

ए रस प्रोडक्सनको ब्यानरमा निर्माण भएको 'कुम्भ' नेपाली र हिन्दी दुवै भाषामा रिलिज हुने जनाइएको छ। रन्धिर श्रेष्ठ र राजेश साह निर्माता रहेको फिल्मको छायांकन र सम्पादन निर्देशक श्रेष्ठ स्वयंले गरेका हुन्। द्वन्द्व निर्देशन सञ्जय थापा (नेपाल) र प्रदीप खड्का (भारत)को रहेको छ भने रोबर्ट बडाइलाको

# "हामी तीन भाइ"को लगानी पानीमा, व्यापार ६ लाख

काठमाडौं। गत माघमा प्रदर्शन भएको 'आ बाट आमा'पछि नेपाली फिल्महरूले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेका छैनन्। यस्तैमा गत शुक्रबार (१३ चैत)बाट प्रदर्शनमा आएको फिल्म 'हामी तीन भाइ'ले पनि निराशाजनक व्यापार गरेको छ। चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांक अनुसार प्रदर्शनको ९ दिनमा फिल्मले ६ लाख ३२ हजार ग्रस कमाएको छ।




फिल्मको व्यापार हेर्दा लगानी पूर्ण रूपमा डुबेको देखिन्छ। निर्माताले कलाकारहरूको पारिश्रमिकमा मात्र १५ लाखभन्दा बढी खर्च गरेका छन्। तर, फिल्मले त्यति पनि कमाउन सकेन। अब धेरै हलबाट फिल्म उत्रिसकेकाले व्यापार बढीमा साढे ६ लाख पुग्ने देखिन्छ। यो हुँदा निर्माताको हातमा २ लाख रुपैयाँ पनि पर्दैन। यसअर्थ यो फिल्म यस वर्षको ठूलो 'डिजास्टर' बनेको छ।

'हामी तीन भाइ' शीर्षकमा करिब २ दशकअघि पनि फिल्म निर्माण भएको थियो। स्व. शिव रेग्मीको निर्देशनमा बनेको उक्त फिल्मले तत्कालीन समयमा सर्वाधिक ठूलो कमाइ गरेको थियो। त्यही नाममा बनेको नयाँ फिल्मले भने दर्शक नै पाउन सकेन।

यसअघि पनि काजलयी फिल्मको नाममा बनेका फिल्म असफल भएका धेरै उदाहरण छन्।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# जलवायु परिवर्तन र सञ्चार सशक्तीकरण तालिम

भरतपुर। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनले आयोजना गरेको दुईदिने प्रशिक्षण सकिएको छ। डिभिजन वन कार्यालय चितवनको सहयोगमा आयोजित 'आदिवासी जनजाति पत्रकार एवम् सञ्चारकर्मीहरुलाई जलवायु परिवर्तन, वन संरक्षण तथा वातावरणीय न्यायसम्बन्धी सञ्चार सशक्तीकरण' कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा आदिवासी जनजाति समुदायको विषयलाई सञ्चारमाध्यममा स्थान दिन सकिने र दिनुपर्ने विषयसँगै वनजङ्गलको संरक्षण तथा जलवायु परिवर्तनका कारण भएको प्रभावबारे फोनिजकर्मीहरुलाई सशक्तीकरण गराइएको हो।

डिभिजन वन कार्यालय चितवनका प्रमुख एवम् डिभिजनल वन अधिकृत विष्णुप्रसाद आचार्य र वातावरण विज्ञ डा. टेकबहादुर गुरूङले वन संरक्षणमार्फत आदिवासी जनजाति समुदायको जीविकोपार्जनको नयाँ विकल्प तथा जलवायु परिवर्तन रोक्न आवश्यक



विषयवस्तुबारे प्रशिक्षण दिएका थिए।

फोनिज चितवनका संस्थापक अध्यक्ष एवम् संरक्षक सन्तकुमार चौधरी र पत्रकार रमेशकुमार पौडेलले ती विषयलाई सञ्चारमाध्यममा कसरी जोड्न सकिन्छ भन्ने पक्षलाई केलाएर प्रशिक्षण दिएका थिए। लामो समयदेखि चितवनका आदिवासी जनजाति समुदायको विषयवस्तु बाहिर ल्याउँदाका सबल बाक्लो रहेको बताउँदै सबै जातिलाई समान दृष्टिका साथ हेरिने प्रयास राज्यले गर्दै आएको उनको भनाइ छ।

आदिवासी जनजाति समुदायको पक्ष र दुर्बल पक्षबाट जीवनमा धेरै कुराको अनुभव गरिएको पत्रकार पौडेलले बताए।

विशेषगरी, चितवनका आदिवासी जनजाति समुदाय भन्नासाथ पहाडतर्फ चेपाङ र तराईतर्फ थारु समुदायको परिचय प्रतिनिधित्व गर्दै सञ्चारमाध्यममा आबद्ध भएका सञ्चारकर्मीहरुका लागि सशक्तीकरण आवश्यक रहेको हुँदा यसपटक डिभिजन वन कार्यालय चितवनसँगको सहकार्यमा फराकिलो बनेको छ। तर, आदिवासी जनजाति समुदायको अवस्था हेर्ने हो भने चितवनमा करिब ४० जातिको बसोवास रहेको उनले बताए। हरेक जातिको कथा सार्वजनिक हुन आवश्यक रहेको उनले बताए।

'आदिवासी जनजाति समुदाय कुनै न कुनै कोणबाट जल, जङ्गल र जमिनसँग सम्बन्धित छन्। विगत र वर्तमानमा परिस्थिति फरक भइसकेको छ', उनी भन्छन्, 'तसर्थ, अझै पनि विभिन्न बहानामा समस्यामा परेका आदिवासी जनजाति समुदायको बाध्यताबारे पनि गहिराइमा जान आवश्यक छ।'

बागमती प्रदेशका सदस्य एवम् पूर्ववन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले आदिवासी जनजाति समुदायको विकास र प्रवर्द्धनका लागि सरकारी क्षेत्रबाट प्रोत्साहन गर्न आवश्यक रहेको बताए।

बागमती प्रदेशमा आदिवासी जनजाति समुदायको बसोवास प्रशिक्षण आयोजना गरिएको फोनिज चितवनका अध्यक्ष तुलमान गुरूङले बताए। कार्यक्रममा सहभागी सदस्यहरुलाई प्रमाणपत्रसमेत प्रदान गरिएको थियो।

## हरेक ...

अध्यक्ष, शिक्षक, मानवअधिकार सम्बद्ध संस्थाका प्रमुख तथा प्रतिनिधिलगायत एक सय बढीको उपस्थिति रहेको थियो।

प्रदेश सूचना पुनरावेदन समितिका सदस्य कृष्णबहादुर सारुमगरले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य दिएका थिए। कार्यक्रम अध्यक्ष हरिप्रसाद अधिकारीको सभापतित्वमा सम्पन्न भएको थियो।

यसअघि हेटौँडा, सिन्धुपाल्चोक, सौराहा लगायतका क्षेत्रमा सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तक्रिया गरिएको थियो।

सहभागीहरुले कार्यक्रम उपलब्धिमूलक रहेका बताएका छन्।

## औद्योगिक ...

प्रतिस्थापन गर्दै निर्यातलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने संघका अध्यक्ष मदन घिमिरेले जानकारी दिए।

प्रदर्शनीमा उत्पादन तथा सेवामूलक उद्योगको लागि उपयोगी हुने मेसिन तथा प्रविधिको प्रदर्शनी गरिने छ। हस्तकला, गार्मेन्ट, निर्माणजन्य सामग्रीहरू, प्लास्टिक, प्रिन्टिङ, प्याकेजिङ, कृषि, ऊर्जालगायतका उत्पादनलाई सहयोग पुग्ने सामग्रीको प्रदर्शनी गरिने छ।

प्रदर्शनीमा सातवटै प्रदेशका स्टलहरू रहने छन्। राष्ट्रिय आविस्कार केन्द्रको प्रविधि तथा मेसिनरीको स्टल र मेक इन नेपाल स्वदेशी अभियानमा आबद्ध उद्योगसमेत स्टलमा रहने उनले जानकारी दिए। एक सय वटा स्टल रहने प्रदर्शनीमा २५ हजारभन्दा बढी उद्योगी, व्यवसायीको सहभागिता रहने अपेक्षा आयोजकले गरेको छ। अहिले नेपालमा उत्पादित सामग्री भारत, इथोपिया, श्रीलङ्काजस्ता देशमा पुगेको भन्दै उत्पादित वस्तुको बजारीकरणमा समेत सहयोग पुग्ने उनले बताए।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचको लागि वातावरण तयार गर्नका लागि नेपालको वर्तमान औद्योगिक अवस्था र भावी गन्तव्य विषयमा प्रदर्शनीका क्रममा छलफल गरिने छ।

युवाहरूलाई उद्योमशीलतातर्फ प्रेरित गर्न, रोजगारी वृद्धि र स्थानीय स्रोतसाधनको अधिकतम उपयोगमार्फत स्वदेशी उद्योगको उन्नति एवं समृद्ध राष्ट्र निर्माणका लागि प्रदर्शनी सहयोगी बन्ने सो अवसरमा जानकारी दिइयो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढ्ने बानी बसालौं।**









न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।

# दुई कार्यालयबाट २० 'बिचौलिया' पक्राउ

भरतपुर। मालपोत कार्यालय भरतपुर र भरतपुर अस्पतालबाट २० जना बिचौलिया पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय चितवनले मालपोत कार्यालयको सेवा प्रवाहमा अवरोध गर्ने १६ जनालााई पक्राउ गरेको जनाएको छ। उनीहरुलाई प्रहरीले नै 'बिचौलिया' भनेको छ।

भरतपुर अस्पतालबाट सर्वसाधारणलाई दुःख हैरानी दिने चार जनालाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले बताए। उनका अनुसार जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले बिहीबार दिउँसो मालपोत कार्यालय १६ जनालाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको हो।

प्रहरीले पक्राउ पर्नेमाथि अनुसन्धान सुरु गरेको छ। 'पक्राउ परेका २० जनालाई सोधपुछ गरिएको छ, सुक्ष्मरुपमा अनुसन्धान भइरहेको छ' खनालले भने।

भरतपुर अस्पताल अगाडि बसी आवतजावत गर्ने यात्रीहरूलाई दुःख हैरानी दिने चार जना सवारी साधनका चालक तथा सहचालकहरूलाई पनि नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार कसैलाई पनि तत्काल छोड्ने आदेश छैन।

मालपोतमा धेरै गुनासो आएपछि चितवन प्रहरीको टिम बिहीबार दिउँसो मालपोत कार्यालय भरतपुर गएको थियो। पहिलो चरणमा ६ जनालाई नियन्त्रणमा लिएको प्रहरीले सोही कार्यालयबाट थप १० जना बिचौलियालाई नियन्त्रणमा लिएको थियो। सार्वजनिक सेवालाई मर्यादित बनाउन र बिचौलियाको प्रभावलाई निरुत्साहित गर्न उनीहरुलाई पक्राउ गरिएको चितवन प्रहरी उपरीक्षक गोविन्द पुरीले बताए।

मालपोत कार्यालय भरतपुरले सूचना प्रकाशन गरी कार्यालयमा जुनकुनै अनधिकृत व्यक्तिहरुको प्रवेशमा रोक लगाएको छ। मालपोत कार्यालयहरुमा बिचौलियाको बिगबिगी हुने गुनासो नागरिकको थियो। गुनासोलाई सम्बोधन गर्नको लागि नयाँ सरकारले जिल्ला प्रशासन कार्यालयलाई बिचौलियाबाट सर्वसाधरण नागरिकलाई सुरक्षित राख्न निर्देशन गरेको छ।

मालपोत कार्यालय भरतपुरले अबदेखि सेवा लिन आउने सम्बन्धित व्यक्तिहरू र कानुन बमोजिम दर्ता भएका भू-सेवा सञ्चालकहरूलाई मात्र कार्यालय परिसरमा प्रवेश दिइने भएको छ। 'भू-सेवा सञ्चालकहरू परिचयपत्र बेगर कार्यालयमा प्रवेश गर्न पाउने छैनन्' मालपोत कार्यालयले निकालेको सूचनामा भनिएको छ।

सेवासम्बन्धी काम कारबाही सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन र कानुनअनुसार दर्ता भएका भू-सेवा सञ्चालकहरूले पेश गरेका कागजातका आधारमा मात्र अगाडि बढाइने मालपोत कार्यालय भरतपुरका भनाइ छ। कार्यालयले सेवाग्राहीलाई पनि अनधिकृत व्यक्तिको भर नपर्न आग्रह गरेको छ।

बुधबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले परिचय खुल्ने कागजात हेरेर मात्रै मालपोत कार्यालयमा प्रवेश गराउन निर्देशन दिएको थियो।

भूमि व्यवस्था मन्त्री प्रतिभा रावलको निर्देशनसँगै चितवन प्रहरी प्रशासन सक्रिय भएको हो। मन्त्री रावलको निर्देशनपछि मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार मालपोत, नापी कार्यालयलगायतमा बिचौलियालाई प्रवेशमा रोक लगाइएको थियो। मन्त्रालयले यस नियमको कार्यान्वयन भए/नभएको विषयमा जुनसुकै बेला छड्के अनुगमन हुने चेतावनी दिएको छ।

बिचौलियाको प्रवेश भएको वा सरकारी स्रेस्तामा उनीहरूको पहुँच पुगेको पाइएमा सम्बन्धित कार्यालय प्रमुखलाई नै जिम्मेवार ठहऱ्याएर कारबाही गरिने मन्त्रालयले जनाएको छ।

# 'जापानिज इन्सेफ्लाइटिस' विरुद्धको खोप आजदेखि

भरतपुर। चितवनमा यही चैत २५ गतेदेखि 'जापानिज इन्सेफलाइटिस'विरुद्धको खोप अभियान सुरूवात गरिने भएको छ। जिल्लाको माडी नगरपालिकामा १८ हजार ८११ जना र भरतपुर महानगरपालिका-१९ मा चार हजार २०४ जनालाई खोप लगाउन लागिएको हो।

जनस्वास्थ्य कार्यलयका प्रमुख निर्मल घिमिरेले अभियान यही चैत ३० गतेसम्म सञ्चालन हुनेछ। खोप लगाउन नपाएका ३० वर्ष उमेर समूहमाथिका र खोप लगाउन छुटेका १५ वर्षमुनिका बालबालिकालाई यो खोप दिन लागिएको उनले जानकारी दिए।

'जापानिज इन्सेफ्लाइटिस'का कारण जिल्लामा सन् २०२४ मा एक जनाको मृत्यु भएको थियो भने चार जना सङ्क्रमित भएका जनाइएको छ। सन् २०२५ मा १६ जना सङ्क्रमित हुँदा पाँच जनाको मृत्यु भएको कार्यालयका किट नियन्त्रक राम केसीले जानकारी दिए।

उनका अनुसार यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने किटजन्य सरुवा रोग हो। यो लामखुट्टे घर बाहिर वस्न रुचाउने, घर बाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ। किट नियन्त्रक केसीले यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपन्छीलाई टोक्यो भने सर्दछ। धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको बताए।


भिजिटिङ कार्ड, बिल प्याड, लेटरहेड लगायत छपाई सम्बन्धी काम गर्नु परेमा।
सम्पर्क : ९८२७२०१७१४


## डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

**डिभिजन वन कार्यालय, चितवन**






## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


फोन : ९८४६४७५३४१
९८४६८५२९१५

## गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

## "तपाईको सेवामा, आजै कल गर्नुहोस्"



- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४